नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९    स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५    अंक २२०    २०८२ साल चैत २३ गते सोमबार (6 Apr 2026 Monday)    मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : नेपाली कांग्रेसले सतहत्तर ... ३ पृष्ठमा : सात हजारभन्दा बढी 'अनलाइन' ... ३ पृष्ठमा : मध्यपूर्वमा युद्धको दायरा ...

## शनिबार र आइतबार सरकारी कार्यालय र शैक्षिक संस्थाहरूमा बिदा



– सरकारी कार्यालय र शैक्षिक संस्थाहरूमा हप्ताको दुई दिन (शनिबार र आइतबार) बिदा
– चैत २३ गते सोमबार देखि लागू हुने गरि कार्यालय समय बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म कायम
– आगामी शैक्षिक सत्र वैशाख १५ गतेदेखि संचालन

**दैनिक समाचारदाता**
**राजविराज, २२ चैत।**

सरकारले सरकारी कार्यालय र शैक्षिक संस्थाहरूमा हप्तामा दुई दिन बिदा दिने निर्णय गरेको छ।

आइतबार बसेको मन्त्रिपरिषद् बैठकले पेट्रोलियम पदार्थको आपूर्तिमा उत्पन्न असहजताका कारण चैत २३ देखि लागू हुने गरी सरकारी कार्यालय र शैक्षिक संस्थाहरूमा शनिवार र आइतवार बिदा दिने निर्णय गरेको हो।

बैठकले कार्यालय समय बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म कायम गरेको सरकारका प्रवक्ता एवम् शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले जानकारी दिए।

प्रवक्ता पोखरेलका अनुसार बैठकले 'डिजिटल नेपाल ट्रान्सफरमेसन' परियोजनाका लागि एसियाली विकास बैङ्क र विश्व बैङ्कबाट नौ करोड अमेरिकी डलर सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय गरेको छ। दिगो र समावेशी वित्त परियोजनाका लागि विश्व बैङ्कबाट नौ करोड ५० लाख अमेरिकी डलर सहुलियतपूर्ण ऋण स्वीकार गर्ने निर्णय भएको प्रवक्ता पोखरेलले बताए।

बैठकले नेपाल सरकारका सबै मन्त्रालय, सचिवालय, आयोग र अन्तर्गतका निकायहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति दिने निर्णय गरेको प्रवक्ता पोखरेलले बताए।

सरकारले डिजेल तथा पेट्रोलबाट चल्ने गाडीलाई विद्युतीय गाडीमा परिवर्तन गर्नका लागि आवश्यक कानूनी व्यवस्था मिलाउने निर्णय गरेको छ।

यसैगरी, बैठकले राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले दिएको राजीनामा स्वीकृत गरेको छ भने डिजेल तथा पेट्रोलबाट सञ्चालन हुने सवारीसाधनलाई विद्युतीय वाहनमा परिवर्तन गर्न व्यवस्था मिलाउने निर्णय पनि गरेको छ। आगामी शैक्षिक सत्र वैशाख १५ गतेदेखि सञ्चालन गर्ने निर्णय भएको छ।

## चार दिनमा दुई सय २६ जना पक्राउ

काठमाडौँ, २२ चैत (रासस)।

नेपाल प्रहरीले गुण्डागर्दी, बिचौलिया, अभद्र व्यवहारलगायतका गैरकानुनी कार्यविरुद्ध विभिन्न स्थानमा सञ्चालन गरेको खोजी अभियानका क्रममा चार दिनमै दुई सय २६ जना पक्राउ गरेको छ।

केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अविनारायण काफ्लेले यही चैत १८, १९, २० र २१ गतेको अभियान अन्तर्गत दुई सय २६ जनालाई पक्राउ गरी कानुनी कारबाही प्रक्रिया थालिएको जानकारी दिनुभयो।

प्रहरी प्रधान कार्यालयले सार्वजनिक गरेको विवरणअनुसार १८ गते काठमाडौँ उपत्यकाबाट ५१ जना, कोशी प्रदेशबाट १८ जना, १९ गते कोशीबाट एक, मधेस प्रदेशबाट सात, बागमतीबाट २३, गण्डकीबाट दुई र कर्णालीबाट ११ जना पक्राउ परेका थिए।

यस्तै २० गते मधेस प्रदेशबाट आठ, गण्डकीबाट १०, लुम्बिनीबाट चार र सुदूरपश्चिम प्रदेशबाट दुई तथा

***बाँकी अन्तिम पृष्ठमा***

## मर्मत सम्भारको माग गर्दै चक्काजाम



**दैनिक समाचारदाता**
**राजविराज, २२ चैत।**

राजविराजदेखी छिन्नमस्ता भगवती मन्दिरसम्म पुग्ने सडकखण्ड निर्माणको माग गर्दै आइतबार चक्काजाम गरिएको छ।

उक्त सडक खण्डको विष्णुपुर सडकखण्डमा ढाट तथा टिपर तेर्स्याएर स्थानीयले आवागमन ठप्प पारेका हुन। लामो समयदेखी जीर्ण सडकको मर्मत तथा कालोपत्रे कार्यमा ढिलाई भइरहेको भन्दै विहानैदेखी स्थानीयले चक्काजाम गरे।

ढाट लगाउनुका साथै बीच सडक मै टिपर तेर्स्याएर राखिएपछी दुबै तर्फ सवारी साधन रोकिएका थिए।

***बाँकी अन्तिम पृष्ठमा***

## मतदाता नामावली संकलन सुरु

काठमाडौँ, २२ चैत (रासस)।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि स्थगित गरिएको मतदाता नामावली सङ्कलनको काम आइतबारदेखि सुरु भएको छ। निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि भन्दै गत मङ्सिर ६ गतेदेखि नामावली सङ्कलन कार्य स्थगिथ गरेको थियो। आयोगको यही चैत १८ को बैठकले मतदाता नामावली सङ्कलनको काम सुरु गर्ने निर्णय गरेको हो।

स्थगित उक्त कार्यक्रम आइतबारदेखि पुनः सञ्चालन गर्न लागिएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो। आयोगले राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त गरेका नेपाली नागरिकले आफ्नो राष्ट्रिय परिचयपत्रको विवरणमार्फत मतदाता नामावलीमा अनलाइन प्रणालीबाटै नाम दर्ता गर्न सक्ने व्यवस्था मिलाइएको आयोगले जनाएको छ।

राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध नभएकाहरूको हकमा आयोगको 'प्रि इनरोलमेन्ट' प्रणालीमार्फत अनलाइन फारम भर्नुपर्ने छ। आफ्नो फोटो तथा औँठाछापसहितको जैविक विवरण प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयमा आवेदक स्वयं भौतिक रूपमा उपस्थित हुनुपर्नेछ।

मतदाता नामावलीमा रहेको त्रुटि सच्याउने, दोहोरो नाम हटाउने, मृत्यु तथा बसाइँसराइको विवरण अद्यावधिक गर्नेलगायतका कार्यका लागि समेत अनलाइन माध्यमबाट आवेदन गर्न सकिने व्यवस्था मिलाइएको प्रवक्ता भट्टराईले जानकारी दिनुभयो।

नाम थर, ठेगाना सच्याउने, एकै वडाभित्र दुई वा सोभन्दा बढी मतदानस्थल रहेको भए मतदातालाई पायक पर्ने स्थानमा नाम सार्ने, नागरिकताअनुसारको विवरण नभई अन्यथा भएको भए नागरिकताअनुसार पनि सच्याउन सकिनेछ। आयोगले मतदाता नामावली सङ्कलन प्रक्रियामा सक्रिय सहभागिताका लागि आग्रह गरेको छ।

**स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं।**

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### कान उपचार सेवाको नयाँ युग

सप्तरीको सदरमुकाम राजविराजमा इम्प्याक्ट नेपालको कान उपचार केन्द्रको नवनिर्मित भवन उद्घाटन हुनु केवल एक संरचना थपिनु मात्र होइन, जिल्लावासीका लागि स्वास्थ्य सेवामा आएको महत्वपूर्ण परिवर्तनको संकेत हो। लामो समयदेखि सामान्यदेखि जटिल कानसम्बन्धी समस्याका लागि बाहिरी जिल्ला वा राजधानी धाउनुपर्ने बाध्यता झेल्दै आएका यहाँका नागरिकका लागि अब आफ्नै जिल्लामा आधुनिक सेवा उपलब्ध हुने भएको छ। विशेषगरी कानको शल्यक्रिया जस्तो संवेदनशील सेवा अब स्थानीय स्तरमै सञ्चालन हुने घोषणा अत्यन्तै सकारात्मक कदम हो। यसले समय, खर्च र झन्झट घटाउने मात्र होइन, उपचारमा पहुँच पनि सहज बनाउनेछ। ग्रामीण तथा आर्थिक रूपमा कमजोर वर्गका नागरिकका लागि यस्तो सेवा झन् ठूलो राहत सावित हुनेछ।

सन् २०५० सालदेखि अपाङ्गता रोकथाम र स्वास्थ्य सेवा विस्तारमा सक्रिय यस संस्थाले अहिले ३२ जिल्लामा सेवा विस्तार गर्नु आफैंमा उल्लेखनीय उपलब्धि हो। नेपालमा करिब १८ प्रतिशत जनसंख्या कुनै न कुनै प्रकारको कान रोगबाट प्रभावित रहेको तथ्यले यस्तो केन्द्रको आवश्यकता अझ प्रष्ट पार्छ। अझ सीमावर्ती जिल्ला भएकाले यहाँको सेवा छिमेकी जिल्ला मात्र होइन, भारतको बिहार राज्यका नागरिकहरूलाई समेत लाभ पुग्ने अपेक्षा गरिएको छ। यसले क्षेत्रीय स्वास्थ्य सहकार्यलाई समेत सुदृढ बनाउन मद्दत पुर्‍याउनेछ।

यद्यपि, भवन उद्घाटनसँगै मात्र काम समाप्त हुँदैन। तसर्थ सेवा गुणस्तर, दक्ष जनशक्ति, आवश्यक उपकरण र नियमित व्यवस्थापनमा निरन्तर ध्यान दिनु आवश्यक छ। स्थानीय सरकार, सरोकारवाला निकाय र समुदायबीच सहकार्य र समन्वय गरि यस केन्द्रले दीर्घकालसम्म प्रभावकारी सेवाका लागि अग्रसरता देखाउनु जरुरी छ।


**डा. भगवती यादव**
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# नेपाली कांग्रेसले सतहत्तर जिल्लामा खटायो प्रतिनिधि

ललितपुर, २२ चैत (रासस)।

नेपाली कांग्रेसले 'जरा अभियान' र १५औं महाधिवेशन कार्य प्रारम्भ गर्नका लागि ७७ जिल्लामा प्रतिनिधि खटाएको छ।

पार्टीका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले शनिबार एक विज्ञप्ति जारी गरी पार्टी सङ्गठनलाई सुदृढ, सशक्त र प्रभावकारी बनाउन ७७ वटै जिल्ला र पार्टीको तल्लो तहसम्म पुग्ने गरी 'एकमहिने जरा अभियान' अन्तर्गत केन्द्रीय प्रतिनिधि खटाइएको जानकारी दिनुभयो। यसरी खटाइएका प्रतिनिधिका लागि शनिबार पार्टी केन्द्रीय कार्यालयमा अभिमुखीकरण कार्यक्रमसमेत सम्पन्न गरिएको उहाँले उल्लेख गर्नुभयो।

"त्यसक्रममा अभियानको उद्देश्यका सम्बन्धमा नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले जानकारी गराउनुभएको थियो, नेपाली कांग्रेसका युवानेता प्रताप पौडेलले पार्टीको विशेष महाधिवेशनबाट पारित गरेको विधान, खटिने प्रतिनिधिको कार्यविधि र प्राविधिक विषयका पक्षमा जानकारी गराउनुभएको थियो", विज्ञप्तिमा भनिएको छ।

केन्द्रीय प्रतिनिधिको शनिबारको अभिमुखीकरण कार्यक्रमबाट १५औं महाधिवेशनको कार्यतालिकाअनुसार कार्य प्रारम्भ भएको कार्यवाहक मुख्यसचिव दुलालले जानकारी दिनुभयो।

विसं २०८३ वैशाख १ गतेदेखि एकमहिने जरा अभियान सञ्चालन गर्ने र त्यसअन्तर्गत क्रियाशील सदस्यता अद्यावधिक गर्ने, पार्टीको साङ्गठनिक गतिविधिको विश्लेषण गर्ने, जनतासँग, युवाहरूसँग र पार्टी बाहिरका शुभेच्छुकहरूसँग निर्वाचनको समीक्षात्मक कार्यक्रम गरिने जनाइएको छ। यस्तै, सामाजिक र सिर्जनात्मक अभियान सञ्चालन तथा स्थानीय सरकार सञ्चालन र आगामी बजेट निर्माणसँग सम्बन्धित मार्ग निर्देशन एवं सहजीकरण गर्नु जरा अभियानको उद्देश्य रहेको जनाइएको छ।

"जिल्लामा केन्द्रीय प्रतिनिधिहरू खटिसक्नुभएको छ, त्यसैगरी जिल्लामार्फत छ हजार ७४३ वटै वडामा प्रतिनिधिहरू खटाइनेछ। आगामी वैशाख १ देखि वैशाख मसान्तसम्म एक महिनासम्म सदस्यता अद्यावधिक गरिनेछ। वैशाख महिनाभित्रमा केन्द्रदेखि प्रत्येक तहका पार्टी सदस्य आफ्नो सम्बन्धित वडामा स्वयं उपस्थित भई आफ्नो सदस्यता अद्यावधिक गर्नु पर्नेछ। यसरी सदस्यता अद्यावधिक गरिएका सदस्यहरूले मात्र कांग्रेस 'आइडी' प्राप्त गर्नेछन् र १५औं महाधिवेशनमा भाग लिन पाउनेछन्", विज्ञप्तिमा भनिएको छ।

कांग्रेसले खटाएका प्रतिनिधिमा कोशी प्रदेशको ताप्लेजुङमा मोरङका बाबुराम (वासु) कोइराला, पाँचथरमा तेह्रथुमका तुलसी सुब्बा, इलाममा धनकुटाका अग्निप्रसाद पौडेल र झापाका मेदिनीप्रसाद सिटौला, सङ्खुवासभामा ताप्लेजुङका मङ्गल म्यान्याङ्वो, तेह्रथुममा झापाका सुरेशकुमार योङ्ग्या, धनकुटामा तेह्रथुमकी शारदा कोइराला, भोजपुरमा मोरङका सूयर्माराज राई, खोटाङमा ओखलढुङ्गाकी बाला अधिकारी, सोलुखुम्बुमा झापाकी उमा सिवाकोटी र ओखलढुङ्गामा सुनसरीकी दिलकुमारी राई रहनुभएको छ।

यस्तै, उदयपुरमा इलामका हिमालय कर्माचार्य र बाराका नवराज त्रिपाठी, झापामा मोरङका वसन्त भट्टराई र तेह्रथुमका रुद्र कन्दङ्वा, मोरङमा झापाका सुधीर सिवाकोटी र इलामका नरेन्द्रकुमार कुमाल, सुनसरीमा मोरङका अमृतकुमार अर्याल र यदु बिष्टलाई खटाएको छ।

मधेस प्रदेशको सप्तरीमा मनोजमणि आचार्य र पर्साका राकेश सिंह, सिराहामा पर्साका रामरुपप्रसाद कुर्मी र सर्लाहीका दिपकप्रसाद अधिकारी, धनुषामा मोरङका केशव निरौला र अछामका तपेन खड्का, महोत्तरीमा धनुषाका निलम शाह र पर्साका अजयकुमार द्विवेदी, सर्लाहीमा सुनसरीकी नवोदिता चौधरी र सिन्धुपाल्चोकका बलदेव तिमल्सिना, रौतहटमा काठमाडौंकी प्रतिमा गौतम र सप्तरीका इन्जिनियर सकलदेव सुतिहार, बारामा ललितपुरका मथुराप्रसाद घिमिरे र रामेछापकी बिनिता खड्का, पर्सामा रौतहटकी अञ्जु झा र धनुषाका प्रफुल्लकुमार घिमिरेलाई खटाएको छ।

यसैगरी बागमती प्रदेशको दोलखामा सिन्धुपाल्चोकका शिव सुनार, रामेछापमा काठमाडौँका किरण गिरी, सिन्धुलीमा मकवानपुरकी उमा दहाल र रामेछापका रत्न कार्की, काभ्रेमा ललितपुरकी गीता सत्याल र धादिङका अर्जुनकुमार उप्रेती, सिन्धुपाल्चोकमा काठमाडौंका डाक्टर सुरजकुमार काफ्ले र धर्मराज गौतम, रसुवामा नुवाकोटकी सीता मिजार, नुवाकोटमा भक्तपुरका अष्टकुमार कवे र काठमाडौंका इन्जिनियर लक्ष्मण केसीलाई खटाएको छ।

धादिङमा नुवाकोटका केदारनरसिंह केसी र काठमाडौँका सबिन तामाङ, चितवनमा नवलपुरकी विष्णुदेवी पाण्डे र गोरखाका इन्जिनियर दिपकबाबु कँडेल, मकवानपुरमा काठमाडौँका गङ्गा सुनार र श्रीराम लामिछाने, भक्तपुरमा काठमाडौँका डाक्टर अमित प्रधान र ललितपुरका बाबुराजा चित्रकार, ललितपुरमा काठमाडौँका राजेन्द्रकुमार केसी र गोरखाकी मनकुमारी गुरुङ, काठमाडौँमा गोरखाका चिनकाजी श्रेष्ठ र काभ्रेपलाञ्चोकका सार्कीमान बललाई खटाएको विज्ञप्तिमा उल्लेख छ।

यस्तै, गण्डकी प्रदेशको गोरखामा पर्वतकी मुना भुसाल र कास्कीका विष्णुबहादुर क्षेत्री, लम्जुङमा तनहुँका प्रकाश पन्त, तनहुँमा कास्कीका रामचन्द्र त्रिपाठी र नवलपुरका गणेश सापकोटा, कास्कीमा म्याग्दीका रेशमबहादुर बानियाँ र स्याङ्जाका विष्णु पौडेल, मनाङमा लम्जुङका तुलसीनारायण श्रेष्ठ, मुस्ताङमा तनहुँका डाक्टर कृष्ण गौतम, पर्वतमा बागलुङका जगदीशचन्द्र उपाध्याय, स्याङ्जामा पर्वतका सनम बेगम र कास्कीका डाक्टर कृष्णप्रसाद पौडेल, म्याग्दीमा तनहुँकी लक्ष्मी आचार्य, बागलुङमा कास्कीका कृष्णबहादुर केसी र नवलपुरका मनोहर पराजुली, नवलपुरमा चितवनका जितनारायण श्रेष्ठ र काठमाडौँका सुशील भट्टलाई खटाएको छ।

लुम्बिनीको नवलपरासीमा रुपन्देहीका धरामबहादुर कार्की र रमेश खनाल, रुपन्देहीमा पाल्पाका राजेन्द्रगोपाल सिंह र प्यूठानकी निमा गिरी, कपिलवस्तुमा अर्घाखाँचीका कमलप्रसाद भुसाल र दाङका कमलकिशोर घिमिरे, पाल्पामा अर्घाखाँचीकी निर्मला क्षेत्री र रुपन्देहीका हरिप्रसाद न्यौपाने, अर्घाखाँचीमा गुल्मीका छन्दबहादुर पहराई मगर, गुल्मीमा नवलपरासीका राधेश्याम पाठक र कपिलवस्तुका कृष्ण गिरी, रुकुम पूर्वमा अर्घाखाँचीका लेखनाथ पोखरेल, रोल्पामा प्यूठानका अमरप्रसाद भण्डारी, प्यूठानमा गोरखाका दिनेश सुनार, दाङमा बर्दियाकी पवित्राकुमारी अर्याल र नवलपुरका शङ्कर तिवारी, बाँकेमा दाङका केशवराज शर्मा आचार्य र गुल्मीका मोतिलाल भण्डारी, बर्दियामा दाङका प्रदीपराज शर्मा र गुल्मीका प्रेम भण्डारीलाई केन्द्रीय प्रतिनिधि खटाएको छ।

यसैगरी कर्णाली प्रदेशको रुकुम पश्चिममा जाजरकोटका महेन्द्र शाह, सल्ल्यानमा सुर्खेतका तीर्थजङ्ग शाही, डोल्पामा सुर्खेतकी जानकी सिंह, जुम्लामा कालीकोटकी छायाँ सुनार, मुगुमा जुम्लाकी रामदेवी खड्का, हुम्लामा सुर्खेतका कमलराज रेग्मी, कालीकोटमा दैलेखका सूर्यबहादुर विक, जाजरकोटमा रुकुम पश्चिमका गोपालजीजङ्ग शाह, सुर्खेतमा कालीकोटका नारायणप्रसाद भट्टराई, दैलेखमा जाजरकोटका दिपकजङ्ग शाह र रुकुम पश्चिमका खड्ग डाँगीलाई केन्द्रीय प्रतिनिधि खटाएको छ।

यस्तै, सुदूरपश्चिम प्रदेशको बाजुरामा अछामका टिकाराम खनाल, बझाङमा कञ्चनपुरका गोविन्दराज बोहोरा, डोटीमा कैलालीका निपा चोख्याल, अछाममा कैलालीका हिमबहादुर रावल र कञ्चनपुरका लेखराज जोशी, दार्चुलामा कञ्चनपुरका गोविन्दराज जोशी, बैतडीमा कञ्चनपुरकी सन्तोषी साउद ऐरी, डडेलधुरामा दार्चुलाका गणेश भट्ट, कञ्चनपुरमा बैतडीका नरेन्द्रप्रसाद भट्ट र दार्चुलाका पदमराज पन्त, कैलालीमा बझाङका जगतप्रसाद जोशी र स्याङ्जाका युवराज पाण्डेयलाई खटाएको छ।

# वीरगन्ज नाकाबाट सात महिनामा चार सय ९७ विद्युतीय गाडी भित्रियो

पर्सा, २२ चैत (रासस)।

वीरगन्ज नाका हुँदै चालु आर्थिक वर्षको सात महिनामा रु एक अर्ब ४८ करोड ६४ लाख मूल्य पर्ने चार सय ९७ वटा विद्युतीय जिप, कार र भ्यान आयात भएको छ। ती विद्युतीय सवारीसाधनको आयातबाट कार्यालयले रु ९६ करोड ३६ लाख राजस्व सङ्कलन गरेको छ।

जबकि गत आवको सोही अवधिमा भने रु ४३ करोड एक लाख मूल्य पर्ने एक सय ६५ वटा विद्युतीय, जिप, कार र भ्यान आयात भएको छ। ती सवारीसाधनको आयातबाट कार्यालयले रु ३५ करोड ५० लाख राजस्व सङ्कलन गरेको थियो।

वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टका अनुसार गत आवको सात महिनाको तुलनामा विद्युतीय सवारीसाधनको आयात ह्वात्तै बढेको छ। चालु आवको सात महिनामा रु ८० करोड ५७ लाखका मूल्यका हजार एक सय २८ वटा विद्युतीय मोटरसाइकल आयात भएको छ। जबकि गत आवको सोही अवधिमा भने रु ४४ करोड तीन लाख मूल्यका तीन हजार ३७४ वटा विद्युतीय मोटरसाइकल आयात भएको थियो।

चालु आवको सात महिनामा रु एक अर्ब १६ करोड १३ लाखका छ सय नौ वटा इन्धनबाट चल्ने जिप, कार र भ्यान आयात भएको छ। ती सवारीसाधनको आयातबाट

*बाँकी तीन पृष्ठमा*

# सात हजारभन्दा बढी 'अनलाइन' सट्टेबाजी 'एप' र 'वेबसाइट' बन्द

काठमाडौं, २२ चैत (रासस)। 'अनलाइन' सट्टेबाजीसँग सम्बन्धित सात हजारभन्दा बढी 'एप्लिकेसन (एप)' र 'वेबसाइट' (युआरएल) बन्द भएका छन्।

सरकारको शासकीय सुधारसम्बन्धी निर्णय कार्यान्वयनस क्रममा नेपाल दूरसञ्चार प्राधिकरणले 'इन्टरनेट' सेवा प्रदायकसँगको समन्वयमा वेबसाइट र एप बन्द गरेको हो।

नेपाल दूरसञ्चार प्राधिकरणका उपनिर्देशक सूर्यप्रसाद लामिछानेका अनुसार अवैध रूपमा सञ्चालनमा रहेका सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइटहरू पहिचान गरी बन्द गर्न इन्टरनेट सेवा प्रदायकलाई निर्देशन दिइएको हो।

"हालसम्म सात हजारभन्दा बढी यस्ता युआरएल र एप बन्द भएका छन्। अनलाइन सट्टेबाजीबारे पछिल्लो एक सातामा प्राधिकरणलाई टेलिफोन, इमेल, म्यासेजलगायत विभिन्न माध्यमबाट ५० भन्दा बढी गुनासा प्राप्त भएका छन्, ती सबैलाई सम्बोधन गर्दै कारबाही अघि बढाइएको छ," उहाँले राससससँग भन्नुभयो।

मन्त्रिपरिषद्को यही चैत १३ गतेको बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमध्ये बुँदा नम्बर ४२ मा सट्टेबाजीसम्बन्धी एप तथा वेबसाइट २४ घण्टाभित्र बन्द गर्ने उल्लेख छ। सोही निर्णयअनुसार प्राधिकरणले इन्टरनेट सेवा प्रदायकसँग समन्वय गरी विद्युतीय माध्यममार्फत सञ्चालन भइरहेका सट्टेबाजीसम्बन्धी सबै पहिचान भएका एप तथा वेबसाइट तत्काल बन्द गरेको हो।

मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ को उपदफा (४) अनुसार कसैले सट्टेबाजी गर्न वा गराउन पाइँदैन। त्यसको उल्लङ्घन गरेमा त्यसमा प्रयोग भएको रकम जफत गरी एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना हुनेछ।

त्यसैगरी, विज्ञापन (नियमन गर्ने) ऐन, २०६६ ले जुवा खेल्न वा खेलाउन तथा अनुमति नलिएको चिट्ठा किन्न-किनाउन प्रोत्साहन गर्ने किसिमका विज्ञापन गर्न निषेध गरेको छ। सो विपरीत कसुर गरेमा एक वर्षसम्म कैद तथा रु १० हजारसम्म जरिवाना हुनेछ।

सरकारले सट्टेबाजी एप तथा वेबसाइट प्रयोग तथा सञ्चालन नगर्न पुनः आग्रह गरेको छ। अनधिकृत रूपमा सञ्चालन वा प्रयोग गरेको पाइएमा कडा कारबाही हुने चेतावनी दिएको छ। साथै सरकारले शङ्कास्पद एप वा वेबसाइटबारे जानकारी भएमा सम्बन्धित निकायमा सूचित गर्न आग्रह गरेको छ।

# स्नातकोत्तर सम्मेलन सुरु

धनुषा, २२ चैत (रासस)। अनुसन्धान र नवप्रवर्तनसम्बन्धी विषयमा केन्द्रित १२औं स्नातकोत्तर सम्मेलन आइतबार देखि जनकपुरधाममा सुरु भएको छ।

राजर्षि जनक विश्वविद्यालय, अनुसन्धान केन्द्र जनकपुरधामको आयोजनामा भएको सो सम्मेलनको उद्घाटन गर्दै मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा.अन्कुर साहले मुलुकको समग्र विकासका लागि अनुसन्धानलाई प्राथमिकता राख्नुपर्ने बताउनुभयो।

"स्वास्थ्य, प्रविधि तथा शिक्षाका क्षेत्रमा नवीन सोच र प्रयोग आवश्यक छ", उहाँले भन्नुभयो, "अनुसन्धानलाई व्यवहारमा रूपान्तरण गर्न विश्वविद्यालय र सरोकारवाला निकायबीच उच्चस्तर समन्वय र सहकार्य हुनुपर्दछ।"

उपकुलपति डा.साहले नेपालमा अनुसन्धान र नवप्रवर्तनका उदीयमान क्षेत्रहरूबारे प्रकाश पार्नुभयो।

राजर्षि जनक विश्वविद्यालयका उपकुलपति डा अमरप्रसाद यादवले उच्च शिक्षामा अनुसन्धानमुखी वातावरण सिर्जना गर्न विश्वविद्यालयले विभिन्न पहलहरू गरिरहेको जानकारी दिँदै विद्यार्थीलाई अनुसन्धानमा आकर्षित गर्न नीतिगत सुधार र पूर्वाधार विकासमा जोड दिइएको उल्लेख गर्नुभयो।

राजर्षि जनक विश्वविद्यालयका रजिस्ट्रार सत्यनारायण साहले अनुसन्धानको गुणस्तर अभिवृद्धि गर्न आवश्यक स्रोत-साधनको व्यवस्थापन र दक्ष जनशक्ति उत्पादनमा विश्वविद्यालय प्रतिबद्ध रहेको उल्लेख गर्दै अनुसन्धानले समाजका वास्तविक समस्याको समाधान दिनुपर्नेमा जोड दिनुभयो।

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिस्ट्रार डा विनोद यादवले स्वास्थ्य क्षेत्रमा अनुसन्धानको महत्वबारे चर्चा गर्दै अनुसन्धानबाट प्राप्त नतिजालाई नीतिनिर्माणमा समावेश गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

शिक्षा, स्वास्थ्य तथा अनुसन्धान क्षेत्रका विज्ञहरूको उल्लेखनीय सहभागिता रहेको सो सम्मेलनमा अनुसन्धानको प्रवर्द्धन, नवप्रवर्तनको विकास तथा शैक्षिक गुणस्तर अभिवृद्धिका विषय गहन छलफल हुने बताइएको छ।

कार्यक्रममा विभिन्न विषयमा स्नातकोत्तर तहका विद्यार्थीले स्वास्थ्य, विज्ञान, प्रविधि, समाजशास्त्रलगायत क्षेत्रमा आफ्ना अनुसन्धानमूलक कार्यपत्रहरू प्रस्तुत गरिने छ।

सम्मेलनले अनुसन्धान र नवप्रवर्तनलाई थप सशक्त बनाउँदै शैक्षिक तथा वैज्ञानिक विकासमा टेवा पुऱ्याउने अपेक्षा गरिएको आयोजकले जनाएको छ।

### वीरगन्ज नाकाबाट ...

कार्यालयले रु दुई अर्ब ८६ करोड राजस्व सङ्कलन गरेको छ। जबकि गत आवको सात महिनामा भने रु एक अर्ब ५० करोड मूल्यका सात सय ४८ वटा इन्धनबाट चल्ने जिप, कार र भ्यान आयात भएको थियो। सो आवमा इन्धनबाट चल्ने सवारीसाधन आयातबाट रु तीन अर्ब ७३ करोड राजस्व सङ्कलन भएको थियो।

कार्यालयले चालु आवको सात महिनामा रु २३ अर्ब ५७ करोड मूल्यका सवारीसाधन तथा पार्टपुर्जा भित्रिएका छन्। जबकि गत आवको सात महिनामा रु १७ अर्ब १५ करोड मूल्यका सवारीसाधन र पार्टपुर्जा आयात हुँदा रु १३ अर्ब २६ करोड राजस्व सङ्कलन भएको थियो।

# स्वास्थ्यकर्मीलाई न्यूनतम पारिश्रमिक प्रदान गर्न निर्देशन

काठमाडौं, २२ चैत (रासस)। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निजी मेडिकल तथा डेण्टल कलेज र अस्पतालहरूलाई नर्सलगायत स्वास्थ्यकर्मीहरूलाई न्यूनतम पारिश्रमिकलगायत सेवा सुविधाहरु उपलब्ध गराउन निर्देशन दिएको छ।

मन्त्रालयअन्तर्गत नीति, योजना तथा अनुगमन महाशाखाले (एशोसिएशन आफ प्राइभेट हेल्थ इन्स्टिच्युसन अफ नेपाल (अफिन), नेपाल मेडिकल तथा डेण्टल कलेज एशोसिएशनलाई हालै एक पत्र जारी गर्दै सरोकारवाला पक्षहरूसँग गत कात्तिक १५ गते भएको सहमति कार्यान्वयन गर्न आग्रह गरेको हो। उक्त सहमतिअनुसार सेवा सुविधा र न्यूनतम पारिश्रमिक उपलब्ध गराउनुपर्ने भए पनि केही संस्थाहरूले कार्यान्वयन नगरेको गुनासो आएपछि मन्त्रालयले यस्तो निर्देशन दिएको जनाएको छ।

सम्झौताअनुसार निजी मेडिकल कलेजहरूले आफ्नो शिक्षण अस्पतालहरुमा कार्यरत नर्सलगायत स्वास्थ्यकर्मीहरुलाई नेपाल सरकारको कम्तीमा पाँचौं तहको सुरु तलब स्केल हालको रु ३४ हजार ७३० कात्तिक महिनादेखि नै दिने र अन्य निजी तथा सामुदायिक अस्पतालहरू तथा डेण्टल कलेजहरुले हालको तलब ३४ हजार ७३० को ८०% तलब उपलब्ध गराउनुपर्ने भनिएको थियो।

पत्रमा सहमतिअनुसार पारिश्रमिक नदिइएको पाइएमा आवश्यक कारबाही प्रक्रिया अघि बढाइने मन्त्रालयले जनाएको छ। मन्त्रालयले सम्बन्धित निकायहरूलाई अनुगमन गरी सहमति कार्यान्वयन सुनिश्चित गर्न आग्रह गरेको छ।

# युएईमा घाइते भएका सातै नेपाली खतरामुक्त, छ जना अस्पतालबाट 'डिस्चार्ज'

काठमाडौं, २२ चैत (रासस)। पश्चिम एसियाको द्वन्द्वका क्रममा संयुक्त अरब इमिरेट्स (युएई)मा आक्रमणमा परी घाइते भएका सबै नेपाली नागरिक सबै खतरामुक्त रहेका छन्।

सो आक्रमणमा परेर सात जना नेपाली घाइते भएका जनाइएको छ। घाइते नेपाली नागरिक सबै खतरामुक्त रहनुभएको त्यहाँस्थित नेपाली दूतावासले जनाएको छ।

राजदूतावासका अधिकारीले गम्भीर घाइतेसहित सातै जनासँग टेलिफोन सम्पर्क गरेको र उहाँहरूले खतरामुक्त रहेको जानकारी गराउनुभएको परराष्ट्र मन्त्रालयले शनिबार जनाएको छ। घाइतेमध्येका चारजनालाई दूतावासका अधिकारीहरूले शनिबारै भेट गरी उहाँहरूको अवस्थाका बारेमा बुझ्नुभएको र आवश्यक सहयोगका लागि समन्वय गर्ने उल्लेख गर्नुभएको थियो। बाँकी तीन जनासँग पनि छिट्टै भेट गरी आवश्यक जानकारी लिइने मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जानकारी दिनुभयो।

प्रवक्ता क्षेत्रीका अनुसार छ जना सामान्य उपचारपछि हाल अस्पतालबाट फर्किसक्नुभएको र गम्भीर चोट लागेको भनिएका थप एकजना नेपालीको पनि हाल उपचार जारी रहेको तथा उहाँ पनि खतरामुक्त रहनुभएको छ। आफू छिट्टै अस्पतालबाट 'डिस्चार्ज' हुने उहाँले टेलिफोनमा बताउनुभएको छ।

यस घटनाका सम्बन्धमा जानकारी प्राप्त हुनासाथ आवश्यक समन्वयका लागि मन्त्रालयबाट दूतावासलाई निर्देशन दिइएको थियो। युएईका सम्बन्धित निकायहरूबाट समयमै उहाँहरूलाई उचित उपचारको प्रबन्ध गरिएको थियो। राजदूतावासले उहाँहरूलाई आवश्यक पर्ने कुनै पनि प्रकारको सहयोगका लागि प्रतिबद्ध र तयार रहेको जनाएको छ।

## विश्व समाचार

# मध्यपूर्वमा युद्धको दायरा विस्तार

पेरिस, २२ चैत (रासस/एएफपी)।

मध्यपूर्वमा युद्धको तीव्रता थप बढ्दै जाँदा विभिन्न देशमा आक्रमण, प्रतिआक्रमण र कूटनीतिक टकराव एकैसाथ चर्किएका छन्। पछिल्ला घटनाक्रमहरूले क्षेत्रीय स्थिरता थप जटिल बन्दै गएको सङ्केत गरेका छन्, जहाँ सैन्य कारबाहीसँगै राजनीतिक चेतावनी र आरोप-प्रत्यारोप पनि तीव्र बनेका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानभित्र खसालिएको दोस्रो अमेरिकी एयरम्यानलाई सफलतापूर्वक उद्धार गरिएको जानकारी दिनुभएको छ। उहाँका अनुसार उक्त एयरम्यान अहिले सुरक्षित अवस्थामा छन्, यद्यपि उनीँ घाइते भएको बताइएको छ। उद्धारका लागि अमेरिकी सेनाले उच्च क्षमताका दर्जनौं विमान परिचालन गरेको उल्लेख गरिएको छ। यसैबीच, इरानी सञ्चारमाध्यमहरूले अमेरिकी खोजी अभियानमा संलग्न एक विमान इरानले नष्ट गरेको दाबी गरेका छन्।

क्षेत्रीय प्रभाव विस्तार हुँदै जाँदा बहराइनमा इरानी आक्रमणपछि एक संरचनामा आगलागी भएको र नागरिक सुरक्षा टोलीले त्यसलाई नियन्त्रणमा लिएको जानकारी दिइएको छ। उक्त घटनामा मानवीय क्षतिको विवरण भने सार्वजनिक गरिएको छैन। त्यस्तै, संयुक्त अरब इमिरेट्सले आफ्नो एल्युमिनियम उद्योगलाई लक्षित गर्दै इरानले मिसाइल र ड्रोन आक्रमण गरेको जनाएको छ, जसको प्रतिकारस्वरूप हवाई सुरक्षा प्रणाली सक्रिय पारिएको छ। कुवेतमा पनि इरानी ड्रोन आक्रमणले ऊर्जा पूर्वाधारमा असर पारेको छ। दुई पावर र पानी प्रशोधन केन्द्रमा क्षति पुगेको र दुई विद्युत् उत्पादन एकाइ बन्द गर्नुपरेको अधिकारीहरूले जानकारी दिए। कुवेत सहरको सरकारी भवनमा पनि आक्रमण हुँदा 'महत्त्वपूर्ण' क्षति पुगेको जनाइएको छ, तर कुनै मानवीय क्षति भने रिपोर्ट भएको छैन। कुवेती सेनाले मिसाइल र ड्रोन अवरोध गर्न निरन्तर प्रयास भइरहेको जनाएको छ।

इजरायलतर्फ लक्षित गर्दै इरानबाट क्षेप्यास्त्र प्रहार गरिएको इजरायली सेनाले पुष्टि गरेको छ। जेरुसेलममा तीव्र विस्फोटका आवाजहरू सुनिएको र कम्तीमा छ वटा विस्फोट भएको प्रत्यक्षदर्शीहरूले बताए। अघिल्लो दिन तेल अभिव र मध्य इजरायलमा भएका आक्रमणमा पाँच जना घाइते भएको जानकारी दिइएको छ। साथै, यमनबाट इजरायलतर्फ प्रक्षेपण गरिएको क्षेप्यास्त्र पनि पत्ता लागेको र त्यसलाई रोक्न हवाई सुरक्षा प्रणाली परिचालन गरिएको छ। इरानको उत्तरपश्चिमी अर्दबिल प्रान्तमा अमेरिका-इजरायलद्वारा गरिएको आक्रमणमा तीन जनाको मृत्यु र तीन जना घाइते भएको इरानी अधिकारीलाई उद्धृत गर्दै स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन्। त्यस्तै, अन्य आक्रमणहरूमा आणविक संयन्त्र, औद्योगिक क्षेत्र र पेट्रोकेमिकल केन्द्रहरू लक्षित भएको बताइएको छ, जसमा पाँच जनाको मृत्यु भएको दाबी गरिएको छ। बुशहर आणविक केन्द्र नजिकै भएको आक्रमणमा एक सुरक्षाकर्मीको मृत्यु भए पनि विकिरण स्तरमा वृद्धि नदेखिएको अन्तर्राष्ट्रिय निगरानी निकायले जनाएको छ। राजनीतिक मोर्चामा तनाव थप बढेको छ। इरानले ४८ घण्टाभित्र शान्ति सम्झौता नगरे कडा कारबाही गर्ने ट्रम्पको चेतावनी अस्वीकार गरेको छ। इरानी सैन्य नेतृत्वले उक्त चेतावनीलाई असन्तुलित र अविवेकी कदमको संज्ञा दिएको छ। ट्रम्पले भने तेहरानमा भएको आक्रमणमा इरानका धेरै सैन्य नेताहरू मारिएको दाबी गर्नुभयो।

यसैबीच, खाडी क्षेत्रमा रणनीतिक रूपमा महत्त्वपूर्ण स्ट्रेट अफ होर्मुजमा आंशिक प्रतिबन्ध कायम राख्दै इरानले इराकी जहाजहरूलाई भने आवतजावतको अनुमति दिएको जनाएको छ। उता, अमेरिकी प्रशासनले इरानी जनरल कासिम सुलेमानीका परिवारका दुई सदस्यलाई आवास अनुमति रद्द गरेपछि पक्राउ गरेको जानकारी दिएको छ, यद्यपि इरानी स्रोतहरूले ती व्यक्तिहरू सम्बन्धित नभएको दाबी गरेका छन्। लेबनानको दक्षिणी सहर टायरमा इजरायलले पुनः आक्रमण गरेको छ, जसले अस्पतालसहितका संरचनामा क्षति पुऱ्याएको जनाइएको छ। यसैबीच, टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगनले युद्धले भू-रणनीतिक गतिरोध निम्त्याएको उल्लेख गर्दै द्वन्द्व अन्त्यका लागि नयाँ कूटनीतिक पहल आवश्यक रहेको बताउनुभएको छ।

# इरान-अमेरिका द्वन्द्वमा नयाँ मोड, ४८ घण्टे समयसीमा

तेल अविव, २२ चैत (रासस/एपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई महत्वपूर्ण जलमार्ग हर्मुज जलडमरु क्षेत्र खुला गर्न ४८ घण्टाको समयसीमा दिनुभएको छ। उक्त चेतावनीप्रति इरानले कडा प्रतिक्रिया जनाउँदै यसलाई 'असन्तुलित र मूर्खतापूर्ण' भनेको छ। यसबीच इरानको दुर्गम क्षेत्रमा हराइरहेको अमेरिकी सैनिक पाइलटको खोजी कार्य शनिबार पनि जारी रहेको जनाइएको छ। हाल छ हप्तादेखि जारी युद्धका क्रममा शुक्रबार दुई अमेरिकी युद्ध विमान खसालिएपछि तनाव थप बढेको छ।

अमेरिकी राष्ट्रपति ट्रम्पले इरानलाई युद्धमा 'पूर्ण रूपमा पराजित' भएको बताउनुभएको छ । तर इरानले भने आफ्नो भूमिमा शत्रु पाइलट फेला पार्ने प्रयास भइरहेको जनाएको छ। इरानको संयुक्त सैन्य कमान्डका जनरल अली अब्दोल्लाही अलियाबादीले चेतावनी दिँदै भन्नुभयो, "यदि हाम्रो पूर्वाधारमा आक्रमण भयो भने नर्कका ढोका खुल्नेछन्।" उहाँले क्षेत्रभित्र रहेका अमेरिकी सैन्य पूर्वाधारलाई पनि निशाना बनाउन सकिने बताउनुभयो। यो युद्ध फेब्रुअरी २८ मा अमेरिका र इजरायलले संयुक्त रूपमा गरेको आक्रमणपछि सुरु भएको हो। युद्धका कारण हजारौं मानिसको मृत्यु भइसकेको छ भने विश्व बजारमा अस्थिरता आएको, प्रमुख जलमार्ग अवरुद्ध भएको र इन्धनको मूल्य वृद्धि भएको बताइएको छ। दुवै पक्षले नागरिक क्षेत्रमा समेत आक्रमण गरेको आरोप लागेको छ, जसले युद्ध अपराधको सम्भावनाबारे चिन्ता बढाएको छ।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले इरानको महशहरस्थित पेट्रोकेमिकल केन्द्रमा आक्रमण गरिएको पुष्टि गरेका छन्। उक्त आक्रमणमा पाँच जनाको मृत्यु र १७० जना घाइते भएको इरानी सञ्चारमाध्यमले जनाएको छ। यसैबीच इरानको आणविक ऊर्जा सङ्गठनले बुशेहर आणविक केन्द्र नजिकै पनि आक्रमण भएको जनाएको छ, जसमा एक सुरक्षाकर्मीको मृत्यु भएको छ र एक सहायक भवनमा क्षति पुगेको छ। उक्त क्षेत्रमा कार्यरत कामदारहरूलाई सुरक्षित स्थानमा सारिएको बताइएको छ। हालको अवस्थाले युद्ध अझ चर्किन सक्ने संकेत देखिएको छ भने कूटनीतिक वार्ताको सम्भावना कमजोर बन्दै गएको विश्लेषण गरिएको छ।

# मधेस प्रदेशमा हरियाली क्षेत्र बढाउन आग्रह

धनुषा, २२ चैत (रासस)।

मधेस प्रदेशका सभामुख रामअशिष यादवले मधेस प्रदेशमा तीन दशमलव ७० प्रतिशत मात्र हरियाली रहेकाप्रति दुःख व्यक्त गर्नुभएको छ।

शनिबार यहाँ प्रदेशसभा प्राकृतिक स्रोत तथा वातावरण समितिको बैठकमा उहाँले देशभर करिब ४५ प्रतिशत हरियाली क्षेत्र रहे पनि देशको ठूलो जनसङ्ख्या रहेको मधेसमा न्यून हरियाली क्षेत्र हुनु चिन्ताको विषय भएको बताउनुभयो।

सभामुख यादवले यस्तो अवस्थाले वातावरणीय सन्तुलनमा गम्भीर असर पर्ने भन्दै यसतर्फ गम्भीर भएर काम गर्न सम्बद्ध मन्त्रालय र सरोकार भएकाहरूलाई आग्रह गर्नुभयो। उहाँले वन तथा वातावरण मन्त्रालयका सचिव जीवनाथ पौडेलसँग विगतका कार्यहरूको समीक्षा गर्दै मन्त्रालयबाट भइरहेका गतिविधिबारे जानकारी गराउन निर्देशन दिनुभयो।

"चुरे क्षेत्रमा बढ्दो वन विनाश र अतिक्रमणका कारण थप वातावरणीय सङ्कट आउने अवस्था छ। त्यसबाहेक क्षेत्रमा पनि हरियाली क्षेत्र बढाउन सकिएको छैन। यसमा अतिक्रमण नियन्त्रण तथा संरक्षणका लागि मन्त्रालयले हालसम्म के कस्ता कदम चालेको छ प्रष्ट पार्दै आगामी दिनका लागि प्रभावकारी कार्यक्रम ल्याउनुस्", सभामुख यादवले भन्नुभयो,"यसमा सिङ्गो प्रदेश सरकार, सरोकार भएका निकायलगायत सबैले गम्भीर भएर सहयोग गरौं। अन्यथा हामीले चाँडै वातावरणीय असन्तुलनको मार खेप्नुपर्ने अवस्था आउँछ।"

समितिका सभापति शारदा दास पहाडीले मधेस प्रदेशमा हरियाली विस्तार कार्यक्रमलाई उच्च प्राथमिकतामा राख्नुपर्नेमा जोड दिँदै वन संरक्षण तथा चुरे क्षेत्रको दिगो व्यवस्थापनका लागि समन्वयात्मक र दीर्घकालीन योजना आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो। उहाँले सबै तहका सरकार र सरोकार भएका निकायबीच सहकार्य बढाएर मात्रै वातावरणीय चुनौती सामना गर्न सकिने बताउनुभयो।

मन्त्रालयका सचिव पौडेलले समितिका जिज्ञासा र चासोका विषयमा आवश्यक जानकारी दिँदै वन संरक्षण, हरियाली विस्तार तथा अतिक्रमण नियन्त्रणका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहेको बताउनुभयो। उहाँले आगामी दिनमा थप प्रभावकारी रणनीति अपनाएर वातावरण संरक्षणमा लाग्नुपर्ने र त्यसमा मन्त्रालय प्रतिबद्ध रहेको बताउनुभयो।

बैठकमा सदस्य समितिका चन्दन सिंह, नागेन्द्र साहलगायतले आ–आफ्नो धारणा राख्नुभएको थियो।

**सीमावर्ती क्षेत्रमा सरसफाइसहित वृक्षरोपण**

शनिबार यहाँको नेपाल–भारत सीमावर्ती क्षेत्र जटहीस्थित प्रवेशद्वारमा सरसफाइसहित वृक्षरोपण कार्यक्रम गरिएको छ। त्यस अवसरमा सभामुख यादवले सीमावर्ती क्षेत्रको सौन्दर्यीकरण, सरसफाइ र हरियाली प्रवर्द्धनमार्फत सकारात्मक सन्देश प्रवाह गर्न लाग्नुपर्ने बताउनुभयो।

कार्यक्रममा मधेस प्रदेश, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव जयकुमार घिमिरे, डिभिजन वन कार्यालयका प्रमुख विनोदकुमार सिंह, संरक्षणकर्मी सुरेशकुमार शर्मालगायत सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिको सहभागिता रहेको थियो।

# राष्ट्रिय सभाको उपाध्यक्षमा एमालेकी सांसद भण्डारी निर्विरोध

**दैनिक समाचारदाता**
**काठमाडौं, २२ चैत।**

राष्ट्रिय सभाको उपाध्यक्षमा नेकपा एमालेकी सांसद लिलाकुमारी भण्डारी निर्विरोध भएकी छन्। उपाध्यक्षको मनोनयन दर्ताका लागि तोकेको समयमा भण्डारीको मात्रै उम्मेदवारी परेको संघीय संसद् सचिवालयका सहप्रवक्ता अनन्त कोइरालाले जानकारी दिए।

सचिवालयले उपाध्यक्षका लागि आइतबार साढे २ बजेदेखि साढे ३ बजेसम्म मनोनयन दर्ताका लागि समय छुट्टयाएको थियो। भण्डारीको प्रस्तावकमा एमालेका राष्ट्रिय सभा संसदीय दलका नेता प्रेमप्रसाद दंगाल छन्।

समर्थकमा नेपाली कांग्रेसका सांसद कृष्णबहादुर रोकाय, जनता समाजवादी पार्टी नेपालकी सांसद पुजा चौधरी र नेपाली कम्युनिष्ट पार्टीकी सांसद मदनकुमारी शाह गरिमा रहेका सहप्रवक्ता कोइरालाले जानकारी दिए। निर्वाचित भएको घोषणा सोमबार बस्ने राष्ट्रिय सभाको बैठकमा हुनेछ।

# पाठ्यपुस्तक विद्यालयमा पुऱ्याइँदै

काठमाडौं, २२ चैत (रासस)।

आगामी वैशाख २ गतेदेखि प्रारम्भ हुने नयाँ शैक्षिकसत्रका लागि जनक शिक्षा सामग्री केन्द्रबाट मुद्रित विद्यालय तहका पाठ्यपुस्तक देशका विभिन्न भागमा धमाधम पुऱ्याइँदैछ।

केन्द्रले यही चैत १६ गतेदेखि पाठ्यपुस्तक वितरण सुरु गरेकामा पाँच दिनमा २५ लाख थान बिक्री भएको जनाएको छ। शैक्षिकसत्र लाग्नुअघि छापाइ गरी विद्यार्थीको हातहातमा पाठ्यपुस्तक पुऱ्याउने दायित्वबमोजिम केन्द्रले उत्पादन सकेर वितरण सुरु गरिएको केन्द्रका प्रबन्ध सञ्चालक यदुनाथ पौडेलले राससलाई जानकारी दिनुभयो।

शिक्षामन्त्री सस्मित पोखरेलले शुक्रबार भक्तपुरस्थित केन्द्रको कार्यालय र प्रेस अवलोकनका गर्नुभएको थियो। त्यस क्रममा केन्द्रको उत्पादन र प्रगतिबारे जानकारी गराउँदै नयाँ शैक्षिकसत्रमा पाठ्यपुस्तकको अभाव नहुने प्रतिबद्धता व्यक्त भएको थियो।


सूचना! सूचना!! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरु यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरु उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४


# ओली र लेखकको बन्दीप्रत्यक्षीकरण रिटको सुनुवाइ हेर्दाहेर्दैमा

**दैनिक समाचारदाता**
**राजविराज, २२ चैत।**

पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकको बन्दीप्रत्यक्षीकरण रिटको सुनुवाइ हेर्दाहेर्दैमा राखिएको छ।

सर्वोच्च अदालतले कारण देखाऊ आदेशपछि विपक्षीबाट लिखित जवाफ पेस भएसँगै आइतबारका लागि पेसी तोकिएको थियो। तर सुनुवाइ नसकिएपछि सोमबारका लागि हेर्दाहेर्दैमा राखिएको हो।

जेनजी आन्दोलनका घटनाको जाँचबुझ गर्न बनेको गौरीबहादुर कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने सरकारको निर्णयअनुसार प्रहरीले चैत १४ गते दुवै जनालाई पक्राउ गरेको थियो।

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनको घटनामा अनुसन्धानका लागि पक्राउ परेका कांग्रेस नेता तथा पूर्वगृहमन्त्री लेखकका तर्फबाट यशोदा लेखक र ओलीका तर्फबाट राधिका शाक्यले चैत १५ गते निवेदन दर्ता गराएकी थिइन्।

गत भदौ २३ र २४ गतेको जेनजी आन्दोलनमा भएको दमनमा जिम्मेवार ठहर गर्दै घटना जाँचबुझ आयोगले उनीहरूविरुद्ध मुद्दा चलाउन सिफारिस गरेको थियो।

***चार दिनमा ...***

२१ गते काठमाडौं उपत्यकाबाट ६२ जना पक्राउ परेका छन्।

प्रहरीका अनुसार पक्राउ पर्नेमा गुण्डागर्दी, बिचौलिया, यातायात तथा मालपोत कार्यालयमा दुःख र हैरानी दिने, सार्वजनिकस्थलमा अभद्र व्यवहार गर्नेलगायतका व्यक्तिहरू छन्। प्रवक्ता काफ्लेले अभियान जारी रहने बताउनुभएको छ।

***मर्मत सम्भारको ...***

छिन्नमस्ता भगवतीको दर्शनका लागि हिडेका तथा दर्शन गरी फर्किन लागेका दर्जनौं तीर्थयात्रु पनि अलपत्र परे।

राजविराजदेखी छिन्नमस्ता भगवती मन्दिरसम्म पुग्ने ११ किलो मिटर सडकको केही भागमा कालोपत्रे भएपनी बाँकी अधिकांश भागमा कालो पत्रे हुन सकेको छैन। झण्डै ७ किलो मिटर सडक कालोपत्रे हुन अझै बाकि छ। जसकारण सुख्खायाममा धुलो र वर्षायाममा हिलोले स्थानीयवासी पीडित हुने गरेका छन्।

उक्त सडकको जीर्ण भागको मर्मत सम्भारका लागि पटक/पटक दवाब मुलक कार्यक्रमहरु गर्दै आएपनी आश्वासन बाहेक केही नपाइएको स्थानीयवासीको गुनासो छ।

यस्तै उक्त सडक निर्माण कार्यको जिम्मा पाएका निर्माण कम्पनीले पनि कछुवा गतीमा काम गरिरहेको भन्दै स्थानीयले अविलम्ब सडक स्तरोन्नतीको कार्यलाई गति प्रदान गर्न माग गरेका छन्।

# भावपूर्ण श्रद्धाञ्जली



स्व. उत्तम चन्द भगत

बलराम सेवा समिति केन्द्रिय कार्यालय राजविराजका अध्यक्ष एवं समाजसेवी उत्तम चन्द भगतको २०८२ चैत २१ गते ८० वर्षको उमेरमा भएको निधनले हामी स्तब्ध भएका छौं। दुःखदको यस घडीमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

**अनिल कुमार अनल**
**वरिष्ठ पत्रकार एवं सम्पादक**
**राजविराज दैनिक**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np